जनकपुरधाम उप-महानगरपालिका

जनकपुवधाम उप-महानगवपानिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२

चलानी नं. :-

मितिः-२०८१/११/०१

सूचना

सूचना

सूचना

**विषयः- प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनको लागि इच्छुक बेरोगारहरुबाट आवेदन फर्म भर्ने सम्वन्धी सूचना**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारी हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(दोस्रो संशोधन,२०७८ सहित) को दफाको उपदफा (१) वमोजिम आगामी आ.व. २०८२/०८३ मा जनकपुरधाम उप-महानगरपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यून्तम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्ने इच्छुक सामाजिक र आर्थिक अवसरबाट बन्चित महिला, आदिबासी, दलित, सिमान्तकृत समुदाय र विपन्न तथा जीवनयापन जोखिममा परेका बर्गका बेरोजगार व्यक्तिहरुको आफु स्थायी बसोबास गरेको वडा कार्यालय तथा यस जनकपुरधाम उप-महानगरपालिकाको रोजगार सेवा केन्द्र कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (दोस्रो संशोधन,२०७८ सहित) को अनुसूची १ बमोजिमको ढाँचामा २०८१ फागुन मसान्त सम्ममा तपशिलका कागजात साथ फारम भर्ने सबैमा जानकारीको लागि अनुरोध छ ।

**तपशिलः-** आवश्यक कागजातहरु

१. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

२. निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति ।

३. निवेदन सहितको परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नम्वर, जारी मिति, जिल्ला, सम्पर्क नम्वर र वार्षिक पारीवारिक आय अनिवार्य उल्लेख गर्नुपर्ने छ ।

४. परीवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुबिधा लिए/नलिएको विवरण अनिवार्य भर्नु पर्ने छ ।

५. सम्बन्धित वडाको स्थायी वास स्थान खुल्ने आवश्यक कागजातको फोटोकापी (नागरिकता, बसाई सराई, विवाह दर्ता, सही छाप आदि ।

६. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयवाट प्रमाणित भएको निवेदन मात्र सुचीकृत गरिने छ ।

नोटः- आवश्यक विवरण अपूर्ण भएमा फारम स्वीकृत गरिने छैन । उमेर १८ देखि ५९ बर्ष हुनु पर्ने साथै फारम सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेब साइट www.pmep.gov.np बाट समेत डाउनलोड गर्न सकिन्छ।साथै थप जानकारीका लागि वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिन्छ ।

..............................

(राज कुमार के.सी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत